प्रेस विज्ञप्ती

## MDAC बैठक तथा प्रथम चौमासिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न

यस मन्त्रालको मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) एवं प्रथम चौमासिक समिक्षा वैठक मिति २०७७ मंसिर १२ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवको अध्यक्षतामा मन्त्रालयको सभाहलमा सम्पन्न भयो । उक्त वैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्गत निकायहरुबाट आ.व. २०७७/७८ को प्रथम चौमासिक अवधिमा सम्पादन भएका कार्यक्रमको समीक्षा गरिएको थियो । समीक्षा कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री रामकुमार फुयाँल, मन्त्रालयका श्रीमान् सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधीहरु साथै यस मन्त्रालयका महाशाखा प्रमुखहरु, मन्त्रालय अन्तर्गतका निकायका प्रमुखहरु साथै को समेत उपस्थिति रहेको थियो ।

उक्त समीक्षा कार्यक्रममा मन्त्रालय र मातहतका निकाय अन्तर्गत रहेका वार्षिक कार्यक्रमहरुको प्रथम चौमासिक अवधिमा कार्यान्वयनको अवस्था, मन्त्रालयको समग्र भौतिक एवं वित्तिय प्रगति, माईलस्टोनको प्रगति, समीक्षा अवधिमा नयाँ तर्जुमा तथा संसोधन गरिएका कानूनहरु, कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्या, चुनौती, राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) मा प्रस्ताव गरिने एजेण्डा लगायतका विषयहरुको वारेमा मन्त्रालयका प्रशासन महाशाखा प्रमुखले प्रस्तुती दिनुभएको थियो । सो अवसरमा कोभिड-१९ को महामारीको विषम परिस्थितिका वावजुत पनि आ.व. २०७७/७८ को प्रथम चौमासिक अवधिमा मन्त्रालय र अन्तर्गतका अधिकांश निकायहरुको वार्षिक कार्यक्रमहरुको लक्ष्य र प्रगति सन्तोषजनक रहेको र आगामी दिनमा स्वास्थ्य सुरक्षाको मापदण्ड अवलम्वन गर्दै तोकिएको वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्न राष्ट्रिय योजना आयोगका माननीय सदस्य लगायत विभिन्न निकायका प्रतिनिधीहरुले सुझाव दिनुभएको थियो । विभिन्न मन्त्रालयमा छरिएर रहेका सीप विकास सम्बन्धी कार्यक्रमलाई एकीकृत रुपमा संचालन गर्नुपर्ने, सीप परिक्षण मन्त्रालय अन्तर्गतबाट हुनुपर्ने, सातवटै प्रदेशमा ब्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान विस्तार गर्नुपर्ने र अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरुलाई समेत सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई जनस्तरसम्म प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लैजानुपर्ने जस्ता महत्वपुर्ण सुझाव र निर्देशन माननीय मन्त्रीज्यूले प्रदान गर्नुभएको थियो ।

मिति २०७७/०८/१२

भरतमणी पाण्डे
प्रवक्ता